# त्रिभुवन विश्वविद्यालय
# विज्ञान तथा प्रविधि अध्ययन संस्थान
# डीनको कार्यालय

कीर्तिपुर, काठमाडौं, नेपाल

पत्र सङ्ख्या

च.नं. ६७१/६२/९६१

विज्ञान तथा प्रविधि अध्ययन संस्थान डीनको कार्यालय कीर्तिपुर २०४५

मिति : ०७५।१०।२०

श्री क्याम्पस प्रमुख ज्यू,

...................................

...................................

विषय : **जानकारी पठाएको बारे ।**

त्रिभुवन विश्वविद्यालय, विज्ञान तथा प्रविधि अध्ययन संस्थान अन्तर्गतका आंगिक तथा सम्बन्धन प्राप्त क्याम्पसहरुमा वार्षिक परीक्षा प्रणाली अनुसार पठन पाठन हुने विज्ञान तर्फ चार वर्षे स्नातक तह B.Sc. २०७५ मा भर्नाका लागि केही क्याम्पसहरुमा कोटा रिक्त रहेको र अध्ययन गर्न योग्यता पुगेका विद्यार्थीहरु सम्पर्कमा समेत रहेकोले एक पटक उक्त विद्यार्थीहरुलाई प्रवेश परीक्षा लिई भर्ना गर्ने अवसर प्रदान गरि दिन भनि विभिन्न क्याम्पसहरुबाट माग भई आएकोले कोटा रिक्त रहेका क्याम्पसहरुमा विद्यार्थी भर्ना गर्ने सम्वन्धमा निम्नानुसार गर्न गराउन निर्णयानुसार अनुरोध गर्दछु । प्रवेश परीक्षा आंगिक क्याम्पसहरुमा मात्र हुने हुदा सम्वन्धन प्राप्त क्याम्पसहरुमा कोटा रिक्त रहेको भए नजिकको आंगिक क्याम्पसमा फारम भरि सोही क्याम्पसबाट प्रवेश परीक्षा दिनु पर्ने छ ।

**कार्यक्रम :**

१) आंगिक क्याम्पसहरुले रिक्त कोटामा भर्ना गर्नका लागि ०७५ माघ मसान्त सम्ममा प्रवेश परीक्षा संचालन गरि सो मा उतिर्ण विद्यार्थीहरुको नामावली लिष्ट तथा प्रवेश परीक्षाको प्रश्नपत्र समेत विज्ञान तथा प्रविधि अध्ययन संस्थान एंव परीक्षा नियन्त्रण कार्यालयमा पठाउनु पर्ने छ ।

२) आंगिक क्याम्पसले उतिर्ण परीक्षार्थीहरुको स्कोर सहितको नामावली प्रकाशित गर्दा सम्वन्धन प्राप्त क्याम्पसका लागि आवेदन दिने विद्यार्थी भए सो लिष्ट सम्वन्धित सम्वन्धन प्राप्त क्याम्पसमा समेत पठाउनु पर्नेछ ।

३) उपरोक्त अनुसारका विद्यार्थीहरुको भर्ना सम्वन्धित क्याम्पसहरुले समयमै गराई त्रि.वि. रजिष्ट्रेशन गराउनु पर्ने छ ।

**पुनश्च :** प्रवेश परीक्षाका लागि आवेदन गर्ने विद्यार्थीहरुको न्यूनतम योग्यता अध्ययन संस्थानबाट पूर्व प्रकाशित सूचना अनुसार अनिवार्य रुपमा पालना भएको हुनुपर्ने छ ।

...................................

प्रा.डा. रामनारायण झा

सहायक डीन